बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय**

धुलिखेल, काभ्रेपलाञ्चोक

प.सं.:- ०८०/०८१
च.नं.:- ३१२

मिति २०८०/८/२६

**बिषय :–** प्रेस्क्रिप्सनको आधारमा औषधि बिकी बितरण गर्नुपर्ने सम्बन्धमा ।

श्री ६ वटै नगरपालीका र ७ वटै गाउँपालिका,
काभ्रेपलाञ्चोक ।

प्रस्तुत बिषयमा स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, हेटौडाको प.स.,च.नं. २०८०/०८१, ९४५ मिति २०८०/८/२५ को पत्रानुसार प्राप्त भएको औषधि व्यवस्था विभागको प्रेस्क्रिप्सनको आधारमा औषधि बिकी बितरण गर्नुपर्ने सम्बन्धी सूचना र प्राप्त पत्र आवस्यक कार्यान्वयनको लागि यसै साथ पठाईएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

अनिता खनाल
नि.कार्यालय प्रमुख

**नि. कार्यालय प्रमुख**

**बोद्धार्थ**
श्री स्वास्थ्य मन्त्रालय,
बागमती प्रदेश, हेटौडा ।

स्वास्थ्य / IT शाखा
सबै स्वास्थ्य चौकी, अस्पताल, आ. स्वास्थ्य केन्द्र लगायतका स्वास्थ्य संस्थाहरूलाई जानकारीको लागि नगरपालिकाको website मा सूचना राख्ने व्यवस्था गर्नु होला।
०८०/८/२६

"जनस्वास्थ्यका मापदण्डहरुको कडा रुपमा पालना गरौं,गराऔं र कोभिडको संक्रमणबाट बचौं बचाऔं "


मास्क लगाऔं


भौतिक दूरी कायम गरौं


बेलाबेलामा साबुनपानीले हात धोऔं

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
हेटौंडा, नेपाल

मितिः- २०८०/०८/२५

पत्र सङ्ख्या :- २०८०/८१
चलानी नं. :- ९४५

विषयः प्रेस्क्रिप्सनका आधारमा औषधि बिक्री-वितरण गर्नुपर्ने सम्बन्धमा।

श्री स्वास्थ्य कार्यालय (१३ वटै),
बागमती प्रदेश, नेपाल।

प्रस्तुत विषयमा नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, औषधि व्यवस्था विभागको मिति २०८०/०८/१४ को सुचना अनुसार औषधी ऐन २०३५ को दफा (१७) को उपदफा (२) मा चिकित्सकको प्रेस्क्रिप्सन विना बिक्री-वितरण गर्न नहुने भनी समूहकृत गरिएको औषधि (समूह "क" र समूह "ख" का औषधिहरु) एवम् प्रतिजैविक औषधीहरु समेत औषधि व्यवस्था विभागबाट नियमित रुपमा हुने गरेको औषधि पसलहरुको निरीक्षणको क्रममा बिना प्रेस्क्रिप्सन नै बिक्री-वितरण भएको भनी उल्लेख भएकोले सोही बमोजिम समूह "क" र समूह "ख" का औषधिहरु र प्रतिजैविक औषधीहरु अनिवार्य रुपमा चिकित्सकको प्रेस्क्रिप्सनका आधारमा मात्र बिक्री-वितरण गर्न स्थानीय तह सँग समन्वय गरी सुचना कार्यान्वयनको लागि निर्देशानुसार अनुरोध छ।

..............................
समीक्षा अधिकारी
फार्मेसी अधिकृत

फोन नं.: ०५७-५९०३१५, ५९०३१६, ५९०३१४, ५९०३१३, ५९०३१२, ५९०३११
इमेलः moh@bagamati.gov.np वेबसाइटः https://www.moh.bagamati.gov.np

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभागको

## प्रेस्क्रिप्सनका आधारमा औषधि विक्री-वितरण गर्नुपर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८०/०८/१४

औषधि ऐन २०३५ को दफा (१७) को उपदफा (२) मा चिकित्सकको प्रेस्क्रिप्सन विना विक्रि-वितरण गर्न नहुने भनि समूहकृत गरिएको औषधि (समूह "क" र समूह "ख" का औषधिहरु) चिकित्सकको प्रेस्क्रिप्सन विना विक्री-वितरण गर्न नहुने व्यवस्था रहेको सबैलाई विदितै छ।

यस विभागवाट नियमित रुपमा हुने गरेको औषधि पसलहरुको निरीक्षणको क्रममा प्रेस्क्रिप्सनका आधारमा विक्री-वितरण हुनुपर्ने औषधि बिना प्रेस्क्रिप्सन नै विक्री-वितरण भएको पाइएको एवं प्रतिजैविक औषधिहरु समेत विना प्रेस्क्रिप्सन विक्री-वितरण भएको र सो औषधिहरुको व्यापक प्रयोगले रोग प्रतिरोध क्षमता अभिवृद्धि भै कतिपय अवस्थामा औषधिले काम नगरेको अवस्था छ।

यी लगायत समूह क र समूह ख का विभिन्न औषधिहरु अनिवार्य रुपमा प्रेस्क्रिप्सनका आधारमा मात्र विक्री-वितरण गर्नुहुन सम्वन्धित सरोकारवालाहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, औषधि ऐन २०३५ को दफा (१७) विपरितका त्यस्ता काम/कारवाहीहरु गरेको पाइएमा सोही ऐन वमोजिम कारवाही हुने व्यहोरा यसै मार्फत सूचित गरिन्छ।

त्यस्तै, सर्वसाधारणहरुले औषधि खरिद गर्नुपूर्व चिकित्सकको सल्लाह लिई प्रेस्क्रिप्सन आवश्यक पर्ने औषधिको अनिवार्य प्रेस्क्रिप्सन सहित औषधि पसलवाट मात्र औषधिको खरिद गर्नुहुन समेत यसै मार्फत सूचित गरिन्छ।

८०/८/१४

महानिर्देशक